# त्रिभुवन विश्वविद्यालय अन्तरगत इन्जिनियरिङ अध्ययन संस्थानमा 'प्राध्यापक-इमेरिटस' पद प्रदान गर्ने सम्बन्धी निर्देशिका, २०७३

**पारित मिति** : २०७३/३/२०
(त्रि.वि. कार्यकारी परिषद्को बैठकको निर्णय नं. ६४४)

**त्रि.वि. सभा तथा कार्यकारी परिषदको सचिवालय**
**२०८०**

त्रिभुवन विश्वविद्यालय

# त्रिभुवन विश्वविद्यालय अन्तरगत इन्जिनियरिङ अध्ययन संस्थानमा 'प्राध्यापक-इमेरिटस' पद प्रदान गर्ने सम्बन्धी निर्देशिका, २०७३

त्रिभुवन विश्वविद्यालय अन्तरगत इन्जिनियरिङ अध्ययन संस्थान(त्रि.वि./इ.अ.सं.)मा प्राध्यापक पदमा कार्यरत रही अवकाश प्राप्त गरेका प्राध्यापकहरुलाई उनीहरुले त्रि.वि./इ.अ.सं.मा प्रदान गरेका योग्यतम प्राज्ञिक सेवालाई उच्च सम्मान गर्दै तथा उनीहरुको अध्यापन तथा अनुसन्धानको अभिलेखलाई आधार मान्दै 'प्राध्यापक–इमेरिटस' (Professor Emeritus) पद प्रदान गर्न यो निर्देशिका लागु गरिएको छ। त्रि.वि. इ.अ.सं.मा 'प्राध्यापक–इमेरिटस'लाई गंभीररुपमा ग्रहण गरिएको छ।

## १. उद्देश्य

यो निर्देशिकाको उद्देश्य, त्रिभुवन विश्वविद्यालयको विद्यमान शिक्षक कर्मचारी सेवा सम्बन्धी नियम २०५० अनुसार त्रि.वि. इ.अ.सं.मा प्राध्यापक पदमा कार्यरत रही सो पदबाट उमेरको हद पुरा गरी अनिवार्य अवकाश (mandatory retirement) प्राप्त गरेका प्राज्ञिक व्यक्तित्वलाई 'प्राध्यापक–इमेरिटस' पद प्रदान गरी त्रि.वि. इ.अ.सं.मा केही वर्ष प्राज्ञिक कार्यमा निरन्तर संलग्न गराउने, रहेको छ।

## २. 'प्राध्यापक–इमेरिटस'ले गर्ने कामहरु

'प्राध्यापक–इमेरिटस'ले निम्नानुसारका कामहरु गर्नेछन् :

- आफनो विशिष्टताको क्षेत्र र बिषयमा प्राध्यापन मुल्याकंन तथा परिक्षण गर्ने,
- आफनो विशिष्टताको क्षेत्र र बिषयमा निरन्तर वौद्धिक ज्ञान सृजनामा संलग्न रहने,
- शिक्षकहरुको प्राज्ञिक उन्नयनमा परामर्श तथा निर्देशन गर्ने,
- अनुसन्धान तथा विकास कार्यको प्रबर्धन गर्न पहल गर्ने,
- राष्ट्रीय तथा अन्तराष्ट्रीय जर्नलहरुमा कृतिहरु प्रकाशन गर्न पहल गर्ने,
- अध्ययन सस्थानले तोके बमोजिमका अन्य प्राज्ञिक कार्यहरुमा संलग्न रहने,

## ३. 'प्राध्यापक–इमेरिटस' नियुक्ति गर्ने आधारहरु

निम्नानुसार योग्यता भएका व्यक्तिहरुलाई 'प्राध्यापक–इमेरिटस'को सम्मानित पद प्रदान गरिनेछ:

- त्रि.वि.को नियमानुसार प्राध्यापक पदमा कार्यरत भै अवकाश प्राप्त गरेको,
- त्रि.वि. इ.अ.सं.मा निरन्तर १५ बर्ष बिशिष्ट प्राज्ञिक सेवा प्रदान गरेको, (बिशिष्ट प्राज्ञिक सेवा भन्नाले अध्यापनमा स्थापित अभिलेख र अवकाशको समयमा अनुसन्धान र प्रकाशनमा बिशिष्ट भूमिका भएकोलाई मानिनेछ)

- त्रि.वि.इ.अ.सं.मा प्राज्ञिक गुणस्तर कायम गर्न बिभिन्न अनुसन्धान र विकास कार्यको लागि स्रोत खोजी गर्ने /आयोजनाहरु विकास गर्ने /प्राज्ञिक सहकार्यको लागि पहल गर्ने क्षमता भएको,
- उच्च नैतिक आचरण भएको,

## ४. नियुक्तिका आधारहरु

निम्नानुसारको कार्यबिधिबाट 'प्राध्यापक–इमेरिटस' छनोट गरिनेछ :

- बिशिष्ट अध्यापनको सिफारिस, स्नातकोत्तर तथा विद्यावारिधिका सोधपत्रहरुको (डिजर्टेशन तथा थेसिसहरु) सुपरिवेक्षण, तथा अन्य सृजनात्मक कार्यहरुको पुष्ट्याई,
- बिशिष्टताका मुल्याकंनहरु, पीयर परिक्षण (peer review), पूर्व विद्यार्थीहरुको मुल्याकंन, पाठ्यक्रम विकासमा गरेको योगदानको अभिलेख, अध्यापन बिधिमा गरेको योगदान (innovation in teaching methods), प्राध्यापन कार्यको अभिलेख,
- पुरस्कार मानपदवी, छात्रबृत्ती, सम्मानपत्र, बिशिष्ट अनुसन्धानको अभिलेख, कृति प्रकाशनहरु, संपरिक्षित कृतिहरु, बिभिन्न प्रतिष्ठानहरुमा आमन्त्रित प्राध्यापन/ प्रवचन, अन्य प्रतिष्पर्धि सम्मानहरु,

## ५. नियुक्तिको कार्यबिधि

- सम्बन्धित बिभागीय प्रमुखले 'प्राध्यापक–इमेरिटस'को उपाधि प्राप्त गर्न योग्यता पुगेका (अनिवार्य अवकाश प्राप्त गरेका वा अवकाश प्राप्त गर्न ३ महिना वा त्यो भन्दा कम अवधि भएका) प्राध्यापकहरुको सूची तयार गरी क्याम्पस प्रमुख समक्ष प्रस्तुत गर्नेछन् ।
- बिभागीय प्रमुखले सूची तयार गर्दा मनोनयनको लागि तपसिल बमोजिमका कागजातहरु संलग्न हुनु पर्नेछ ,
  - मनोनयन गरिने व्यक्तिको विस्तृत व्यक्तिगत विवरण तथा अन्य सम्बन्धित कागजातहरु,
  - सम्बन्धित सन्दर्भ सामाग्रीहरु, लेख रचना तथा अन्य प्रकाशित कृतिहरु, सम्पादित कार्यहरु,
  - सुपरिवेक्षण गरिएका स्नातकोत्तर तथा विद्यावारिधिका डिजर्टेशन तथा थेसिसहरु,
  - आमन्त्रित प्रवचन तथा प्राध्यापनका कागजातहरु,
  - 'प्राध्यापक–इमेरिटस' पद प्रदान गर्नु पर्ने बिशिष्ट पुष्ट्याई भएको बिभागको सिफारिस सहितको संक्षिप्त विवरण पत्र,
- बिभागीय प्रमुखको मनोनयन सूचीलाई क्याम्पस प्रमुखले सिफारिस सहित डीन समक्ष पेश गर्नेछन् ।
- डीनले प्राप्त मनोनयन सूचीको छानवीन तथा मुल्याकंन गर्न तथा मनोनयनको लागि सिफारिस गर्न बिशिष्ट व्यक्तित्वहरु भएको ३ सदस्यीय छनोट समिति गठन गर्नेछन् ।
- छनोट समितिको गठन निम्नानुसार हुनेछः
  - पूर्वडीन/पूर्व रजिष्ट्रार/ पूर्व शिक्षाध्यक्ष/ पूर्वउपकुलपति मध्येबाट एक जना संयोजक,
  - त्रि.वि. इ.अ.सं.मा कार्यरत प्राध्यापक मध्येबाट एकजना सदस्य,
  - त्रि.वि. इ.अ.सं. भन्दा बाहिर पेशागत क्षेत्रमा कार्यरत सम्बन्धित बिषयको बिशेषज्ञ एकजना सदस्य

- डीनले छनोट समितिले गरेको सिफारिसलाई आफनो राय सहित स्विकृतिको लागि कार्यकारी परिषदमा पठाउने छन् ।
- त्यस्तो प्रस्ताव माथि कार्यकारी परिषदले निर्णय गरी सम्बन्धित व्यक्तिलाई 'प्राध्यापक–इमेरिटस' पदको नियुक्ति पत्र दिनेछ ।

**६. 'प्राध्यापक–इमेरिटस' पदको पदावधि**

- 'प्राध्यापक–इमेरिटस' पदको पदावधि २ बर्षको हुनेछ । तर, व्यक्तिको उमेर ७० बर्ष नपुग्दा सम्म २/२ बर्षमा पदावधि थप गर्न सकिनेछ ।
- पदावधि थपको निम्ति सम्बन्धित बिभागीय प्रमुख तथा क्याम्पस प्रमुखले आवश्यक पुष्ट्याई सहित डीनलाई सिफारिस गर्नेछन ।
- डीनले आवश्यक राय सहित उपकुलपति समक्ष पदावधि थपको लागि सिफारिस गर्नेछन ।
- डीनको सिफारिस बमोजिम उपकुलपतिले 'प्राध्यापक–इमेरिटस' पदको पदावधि थप गर्नेछन् ।

**७. 'प्राध्यापक–इमेरिटस' पदको स्विकृति र घोषणा**

- 'प्राध्यापक–इमेरिटस' पदको नियुक्ति प्राप्त गर्ने सम्बन्धित व्यक्तिले ३५ दिन भित्र आफनो सहमति पत्र डीन समक्ष दिनु पर्नेछ, अन्यथा सो नियुक्ति खारेज हुनेछ ।
- 'प्राध्यापक–इमेरिटस' पद प्राप्त गर्ने व्यक्तिहरुको घोषणा दिक्षान्त समारोहमा हुनेछ ।

**८. पारिश्रमिक तथा सुबिधाहरु**

- 'प्राध्यापक–इमेरिटस' को मासिक पारिश्रमिक तथा सुबिधाहरु प्राध्यापक पदबाट अवकाश प्राप्त गरेको समयमा प्राप्त पारिश्रमिक तथा सुबिधाहरुको बराबर हुनेछ ।
- त्रि.वि. इ.अ.सं.का प्राध्यापकहरुले प्राप्त गर्ने अन्य सुबिधाहरु 'प्राध्यापक–इमेरिटस'को लागि समेत उपलव्ध हुनेछन् ।

**९.'प्राध्यापक–इमेरिटस'को लागि बिशिष्ट सुबिधाहरु**

- 'प्राध्यापक–इमेरिटस'लाई सम्बन्धित बिभागले कार्यालय सुबिधा उपलव्ध गराउने छ । यस्तो कार्यालय अनुसन्धान तथा प्राध्यापन प्रयोजनको लागि हुनेछ ।
- 'प्राध्यापक–इमेरिटस' लाई कार्यालय समय अनिवार्य हुने छैन ।
- 'प्राध्यापक–इमेरिटस'ले बिभागीय ठेगाना पूर्ववत प्रयोग गर्नेछन् ।
- 'प्राध्यापक–इमेरिटस'ले पुस्तकालय, इन्टरनेट लगायतका अन्य सुबिधाहरु तथा बिभागीय प्रयोगशालालाई पूर्ववत प्रयोग गर्नेछन् ।
- 'प्राध्यापक–इमेरिटस' ले त्रि.वि. तथा त्रि.वि. इ.अ.सं.का सबै सार्वजनिक कार्यक्रमहरुमा त्रि.वि. सभासदको हैसियत र मर्यादा प्राप्त गर्नेछन् ।
- 'प्राध्यापक–इमेरिटस' ले त्रि.वि.इ.अ.सं.को तर्फबाट बिभिन्न अनुदान, अनुसन्धान तथा विकास कार्यको लागि प्रस्तावहरु प्रस्तुत गर्न सक्नेछन् ।

****